लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय, दाङ**

# मासिक जनस्वास्थ्य बुलेटिन

आ. वः २०८२/८३ बर्षः पहिलो अंकः १० बैशाख २०८३

## बैशाख महिनाका प्रमुख उपलब्धिहरु

- ✓ आधारभूत स्वास्थ्य सेवास्तरीय उपचार पद्धतीसम्बन्धी ३ दिने अभिमुखीकरण
- ✓ सिकलसेल तथा थालासेमियाको स्क्रिनिङ तथा प्रेशण र निशुल्क विमा कार्यक्रम
- ✓ विषयगत कार्यक्रमहरुको स्थलगत अनुशिक्षण तथा सहयोगात्मक सुपरिवेक्षण
- ✓ महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुका लागि पुनर्ताजगी तालिम संचालन
- ✓ पूर्णखोप सुनिस्चितता तथा दिगोपनाका लागि पालिकास्तरीय डाटा भेरिफिकेसन तथा घोषणा कार्यक्रम
- ✓ नाक, कान, घाँटी, आँखा तथा मुख स्वास्थ्यसम्बन्धी स्वास्थ्यकर्मीलाई २ दिने अभिमुखीकरण

## बैशाख महिनाका प्रमुख उपलब्धिहरु

- ✓ औलो तथा कालाजार रोग नियन्त्रणको लागी विषादी छिड्काउ कार्यक्रम
- ✓ उच्च जोखिम जिल्लाहरुमा खोप कार्यक्रम सुदृढीकरण गर्न निर्बाचित जनप्रतिनिधि तथा सरोकारवालासँग १ दिने पैरवी कार्यक्रम
- ✓ स्वास्थ्यकर्मीमार्फत कुपोषित बालबालिकाहरुको खोजपडताल कार्यक्रम व्यवस्थापन
- ✓ समुदायमा पोषिलो खाना प्रदर्शनी कार्यक्रम
- ✓ राष्ट्रिय पोषण लेखाजोखा अभियानको सुपरभिजन तथा अनुगमन
- ✓ स्वास्थ्यकर्मीहरुलाई CBIMNCI कार्यक्रमसम्बन्धी ६ दिने आधारभूत तालिम

## बैशाख महिनामा सम्पादन गरिएका मुख्य/मुख्य क्रियाकलापहरुबारे थप जानकारी

१) **नाक, कान, घाँटी, आँखा तथा मुख स्वास्थ्यसम्बन्धी र आधारभूत स्वास्थ्य सेवास्तरीय उपचार पद्धति सम्बन्धी अभिमुखीकरण :** जिल्लास्थित सबै स्थानीय तहअन्तर्गतका छानिएका स्वास्थ्य संस्था तथा अस्पतालहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि नाक, कान, घाँटी, आँखा तथा मुख स्वास्थ्यसम्बन्धी २ दिने र स्वास्थ्यकर्मीहरुलाई आधारभूत स्वास्थ्य सेवास्तरीय उपचार पद्धति सम्बन्धि ३ दिने अभिमुखीकरण घोराहीमा सम्पन्न भएको थियो। सो कार्यक्रमको सहजीकरण राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका विषय विज्ञ चिकित्सक, गढवा गाउँपालिकाका मेडिकल अफिसर तथा स्वास्थ्य कार्यालयका जनस्वास्थ्य निरीक्षकले गर्नभएको थियो।

२) **CBIMNCI कार्यक्रमको ६ दिने आधारभूत तालिम कार्यक्रम:** जिल्लास्थित स्थानीय तहअन्तर्गतका स्वास्थ्य संस्था तथा अस्पतालहरुमा कार्यरत नयाँ नियुक्त भएका तथा हालसम्म पनि तालिम नलिएका स्वास्थ्यकर्मीहरुलाई CBIMNCI कार्यक्रमको ६ दिने आधारभूत तालिम सञ्चालन गरिएको थियो। राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका विषय विज्ञ चिकित्सक, लमही नगरपालिकाका जनस्वास्थ्य अधिकृत, राप्ती प्रादेशिक अस्पतालका बरिष्ठ नर्सिङ अधिकृत र स्वास्थ्य कार्यालयका जनस्वास्थ्य निरीक्षकले गर्नुभएको थियो।

३) **महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुका लागि पुनर्ताजगी तालिम:** दाङ जिल्ला अन्तर्गतका पुनर्ताजगी तालिम लिन बाँकी म.सा.स्वा.स्व.से.हरुको विवरण संकलन गरी विभिन्न ब्याचहरुमा तुलसीपुर, बबई लगायतका स्थानीय तहरुमा पुनर्ताजगी तालिम सञ्चालन गरिएको थियो। साथै, बंलगाचुली गाउँपालिकामा आधारभूत तालिम सञ्चालन गरिएको थियो।

४) **सिकलसेल तथा थालासेमियाको स्क्रिनिङ तथा प्रेशण र निशुल्क विमा कार्यक्रम:** सिकलसेल तथा थालासेमियाको स्क्रिनिङ तथा प्रेषण कार्यक्रमअन्तर्गत गढवा गाउपालिकामा करिव २०० स्थानीयहरुको रगत परीक्षण गरिएको थियो। साथै, विभिन्न स्थानीय तहबाट सिफारिस भई आएका सिकलसेलका बिरामीहरुको निशुल्क स्वास्थ्य बिमा गर्ने कार्यसमेत हुँदै आएको छ।

**५) उच्च जोखिम जिल्लाहरुमा खोप कार्यक्रम सुदृढीकरण गर्न निर्बाचित जनप्रतिनिधि तथा सरोकारवालासँग १ दिने पैरवी कार्यक्रम:** जिल्ला समन्वय समिति दाङका प्रमुखको अध्यक्षता तथा जिल्लास्थित सबै स्थानीय तहका प्रमुख/अध्यक्षहरुको आतिथ्यता र पालिकाका प्रशासकीय अधिकृत, स्वास्थ्य शाखा प्रमुखहरुको सहभागितामा घोराहीस्थित भिंग्रेली होटेलमा खोप कार्यक्रम सुदृढीकरणसम्बन्धी १ दिने पैरवी कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रममा स्वास्थ्य कार्यालय प्रमुख, खोप फोकल पर्सन तथा विश्व स्वास्थ्य संगठन प्रतिनिधिलगायतले खोप कार्यक्रमको अवस्थासम्बन्धी प्रस्तुतीकरण गर्नुभएको थियो।

६) **कार्यक्रमहरुको विषयगत स्थलगत अनुशिक्षण तथा सहयोगात्मक सुपरिवेक्षण:** स्थानीय तहका स्वास्थ्य संस्थाबाट सञ्चालन भएका मातृ तथा नवशिशु कार्यक्रमहरुको अनुगमन क्लिनिकल अनसाइट कोचिङ तथा मेन्टरिङ कार्यक्रमअन्तर्गत सुरक्षित प्रसुति तथा गुणस्तरिय सेवा प्रवाहको लागि आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुमा क्लिनिकल अनसाइट कोचिङ तथा मेन्टरिङ कार्यक्रम संचालन गरिएको थियो। साथै, सि.बि.आई.एम.एन.सि.आई. कार्यक्रमको समेत केही संस्थाहरुमा सहयोगात्मक सुपरिवेक्षण सम्पन्न भएको थियो। त्यसैगरी, तथ्याङ्क गुणस्तर सुधारका लागि स्थानीय तह एवम् स्वास्थ्य संस्थाहरुमा एल एम आइ एस, एच एम आइ एस र डि एच आई एस र PAMS V2 सम्बन्धी अनसाइट कोचिङ (स्थलगत अनुशिक्षण) र स्थानीय तह स्वास्थ्य शाखाको मासिक मिटिङमा सहजीकरणअन्तर्गत राप्ती, बंलगाचुली, दंगीशरण, बबई तथा शान्तीनगर गाँउपालिकाको मासिक बैठकमा सहभागी भई स्वास्थ्य तथ्याङ्क गुणस्तर सुधार, PAMS v2, DHIS2को प्रयोग तथा profile update साथै अभिलेख तथा प्रतिवेदन गर्दा हुन सक्ने त्रुटीहरुको पहिचान लगायतका विषयहरुमा छलफल तथा अनुशिक्षण गरिएको थियो।

७) **औलो तथा कालाजार रोग नियन्त्रणको लागी विषादी छिड्काउ कार्यक्रम:** यस कार्यक्रमअन्तर्गत बैशाख महिनाको अन्त्यमा तुलसीपुर नगरपालिकाको वडा नं. ५ वनमई टोलबाट विषादी छिड्काउ कार्यक्रम सुरु गरिएको थियो।

८) **स्वास्थ्यकर्मीमार्फत कुपोषित बालबालिकाहरुको खोजपडताल कार्यक्रम व्यवस्थापन:** स्वास्थ्य कार्यालयका प्रमुखको अध्यक्षतामा सम्पन्न भएको यस कार्यक्रमको सहजीकरण पोषण कार्यक्रमका फोकल पर्सन र तथ्याङ्क अधिकृतले गर्नुभएको थियो। स्थानीय तह स्वास्थ्य शाखा प्रमुखहरुको सहभागितामा यो कार्यक्रम घोराहीमा सम्पन्न भएको थियो।

९) **राष्ट्रिय पोषण लेखाजोखा अभियानको सुपरभिजन तथा अनुगमनः** मिति २०८३ बैशाख १५ देखि सञ्चालन भएको यस अभियानको अनुगमन तथा सहयोगात्मक सुपरिवेक्षण स्वास्थ्य कार्यालय दाङका सबै कार्यक्रम फोकल पर्सनहरुबाट भएको थियो। सबै स्थानीय तहमा सञ्चालित यो अभियानमा केही स्थानीय तहको प्रगति लक्ष्यभन्दा कम देखिएको छ।

१०) **समुदायमा पोषिलो खाना प्रदर्शनी कार्यक्रमः** घोराही, दंगीशरण र तुलसीपुरका विभिन्न स्थानहरुमा मिति २०८३।०१।१० देखि १।२२ गतेसम्म समुदायमा पोषिलो खाना प्रदर्शनी कार्यक्रम आयोजना गरिएकव थियो। कार्यक्रमको व्यवस्थापन स्वास्थ्य कार्यालयका पोषण फोकल पर्सनले गर्नुभएको थियो भने सहभागीको रुपमा सुनौलो १००० दिनका आमाहरु थिए।

११) **कुष्ठरोग तथा अपाङ्गता व्यवस्थापन सम्बन्धी जनचेतना, प्राविधिक अन्तरक्रिया, समीक्षा कार्यक्रमः** स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख र अस्पतालका कुष्ठरोग फोकल पर्सनको सहभागितामा घोराहीमा यो कार्यक्रम सञ्चालन भएको थियो। स्वास्थ्य कार्यालय प्रमुखज्यूको अध्यक्षतामा भएको यस कार्यक्रमको सहजीकरण क्षय कुष्ठ सुपरभाइजर निरीक्षकले गर्नुभएको थियो।

## आगामी महिनाको योजना

- कार्यक्रमगत स्थलगत अनुशिक्षण, सहयोगात्मक सुपरिवेक्षण र अनुगमनलगायत अन्य नियमित कार्यक्रमहरु
- किशोर किशोरी कार्यक्रम विस्तार तथा पूर्ण संस्थागत प्रसुति सेवा कार्यक्रम
- BHS STP तालिम
- HP MSS समीक्षा तथा पारस्परिक अवलोकन
- MPDSR कार्यक्रमको पुनर्जागरण कार्यक्रम
- नियमित रुपमा गरिने अन्य कार्यक्रमहरु

## स्थानीय तहहरुबाट बैशाख महिनामा सम्पादित प्रमुख क्रियाकलापहरु

बैशाख महिनामा जिल्लास्थित सबै स्थानीय तहहरुमा राष्ट्रिय पोषण लेखाजोखा अभियान, पूर्ण खोप सुनिश्चतता तथा दिगोपनाका लागि स्वास्थ्य संस्थास्तरीय डाटा भेरिफिकेसन, निशुल्क बिपन्न नागरिक औषधी उपचार सिफारिस, जेष्ठ नागरिकको घरदैलोमा स्वास्थ्य जाँच, नसर्ने रोगको स्क्रिनिङ अभियान कार्यक्रम, स्वास्थ्य संस्थाहरुको मासिक समीक्षा बैठकलगायत अन्य नियमित कार्यक्रमहरु सञ्चालन भएका थिए। यसका अतिरिक्त कार्यक्रमहरुको विषयगत स्थलगत अनुशिक्षण, सहयोगात्मक सुपरिवेक्षण तथा अनुगमनका कार्यक्रमहरु भएका थिए।

## सुझाव र प्रतिक्रियाका लागि


### सूचना अधिकारी
नामः प्रेम प्रकाश खड्का
पदः अधिकृत लेखा
फोन नम्बरः ९८५७८६०००५
ईमेल ठेगानाः khadkapremprakash2@gmail.com

### गुनासो सुन्ने अधिकारी
नामः शरद कुमार घिमिरे
पदः अधिकृत छैठौं
फोन नम्बरः ९८४७८२०३८८
ईमेल ठेगानाः sharad20ghimire@gmail.com

# कार्यक्रमसम्बन्धी फोटोहरु




HP MSS सम्बन्धी अभिमुखीकरण कार्यक्रम, बेला स्वास्थ्य चौकी



कुपोषित बालबालिकाहरुको खोजपडतालसम्बन्धी अभिमुखीकरण कार्यक्रम, घोराही



समुदायस्तरमा बालबालिकाहरुको पोषण लेखाजोखा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण



खानेपानी गुणस्तर परीक्षण, दंगीशरण गाउँपालिका



पूर्ण खोप सुनिश्चितता तथा दीगोपना घोषणा कार्यक्रम, घोराही उ.म.न.पा.



नाक, कान, घाँटी, मुख तथा आँखा स्वास्थ्यसम्बन्धी अभिमुखीकरण

dphodang@gmail.com,
hodang@lumbini.gov.np
०८२-५६०००५
ho.lumbini.gov.np